पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

पकहाँ मैनपुर गाउँपालिका

गाउँसभाको अधिवेशनको चौथो बैठक

मितिः२०७७/०३/३१

आ.व.२०७७/०७८



पकहाँ मैनपुर गाउँपालिका

पकहाँ मैनपुर

सहभागितात्मक गाउँपालिका विकास योजना तर्जुमाका विभिन्न चरणमा सहभागि भई चौथो गाउँ सभा आयोजना गर्ने क्रममा यहाँहरुबाट प्राप्त साथ र सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अध्यक्ष

बिजय कुमार चौरसिया

मिति २०७७/०७/०५

मिति २०७७/०७/०५ गते बसेको चौथो गाउँ सभाको दोश्रो बैठकबाट पारित भएका निर्णयहरु

निर्णय नं. १

अध्यक्षबाट आर्थिक वर्ष २०७७/०७८ मा कर तथा गैर कर राजस्व लगाउने, उठाउने कार्यका लागि पकहा मैनपुर गाउँपालिका आर्थिक विधेयक, २०७७ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकाहा मैनपुर गाउँपालिका आर्थिक विधेयक, २०७७ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा बहुमत बाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

अध्यक्षबाट आर्थिक वर्ष २०७७/०७८ को राजस्व तथा व्ययको अनुमानित बजेट रु.४१,५६,६९,७९६/- (अक्षरेपी एक्चालीस करोड छपन्न लाख उन्नसतरी हजार सात सय छयान्नबे रुपया मात्र) को सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को रु.४१,५६,६९,७९६/- (अक्षरेपी एक्चालीस करोड छपन्न लाख उन्नसतरी हजार सात सय छयान्नबे रुपया मात्र) को राजश्व र व्ययको अनुमान सभा समक्ष पेश हुदा बहूमतबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

अध्यक्षबाट आर्थिक वर्ष २०७७/०७८ को अनुमानित बजेट रु.४१,५६,६९,७९६/- (अक्षरेपी एक्चालीस करोड छपन्न लाख उन्नसतरी हजार सात सय छयान्नबे रुपया मात्र) को विवरण उल्लेख भएको पकहा मैनपुर गाउपालिकाको विनियोजन विधेयक, २०७७ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अनुमानित बजेट रु.४१,५६,६९,७९६/- (अक्षरेपी एक्चालीस करोड छपन्न लाख उन्नसतरी हजार सात सय छयान्नबे रुपया मात्र) को विवरण उल्लेख भएको पकहा मैनपुर गाउपालिकाको विनियोजन विधेयक, २०७७ सभा समक्ष पेश हुदा बहूमतबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

२०७६ श्रावण १ गते देखि २०७७ असाढ मसान्त सम्म, कार्यपालिका बैठक, विभिन्न समिति उप समितिका बैठकबाट भएका सम्पूर्ण निर्णयहरु बहुमत बाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.५

आ.व. २०७६/०७७ मा भए गरेको सम्पूर्ण आम्दानी तथा खर्च अनुमोदन गर्ने बहुमत बाट निर्णय गरियो ।

निर्णय नं.६

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, एसं
प्रदेश नं. २, नेपाल
२०७३

आर्थिक वर्ष २०७७/०७८ का लागि आकस्मिक योजनामा विनियोजित बजेट बाट योजनाहरु छनौट गरी कार्यान्वयनका लागि देहाय बमोजिमको समिति गठन गर्ने बहुमत बाट निर्णय गरियो ।

संयोजक	-	गाउपालिका प्रमुख, पकहा मैनपुर गाउपालिका
सदस्य	-	प्रमुख प्रशासकीय अधिकृत, पकहा मैनपुर गाउपालिका
सदस्य सचिव	-	योजना शाखा प्रमुख, पकहा मैनपुर गाउपालिका

निर्णय नं.७

२०७६ श्रावण देखि २०७७ असाढ मसान्त सम्म आर्थिक सहायतामा भएको सम्पूर्ण खर्च बहुमत बाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

गाउँपालिकाको सडक मापदण्ड र भवन संहिता बनीनसकेकोले निर्माण गरी लागु गर्न गराउनु कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने र सो नभएसम्म नेपाल सरकारबाट जारी सडक मापदण्ड र भवन संहिता २०७२ अनुसार गर्ने गराउने बहुमत बाट निर्णय गरियो ।

निर्णय नं.९

संघीय सरकार तथा प्रदेश सरकारबाट अन्यथा तोकिआएमा सोही बमोजिम हुने गरी अर्को व्यवस्था नभएसम्म यस गाउँपालिका र मातहतको दरबन्दी तेरिज कार्यपालिकाले निर्धारण गरे अनुसार हुने बहुमत बाट निर्णय गरियो ।

निर्णय नं.१०

गाउँ विकास समिति हुदै यस गाउँपालिकामा समायोजन भई आएका तथा गाउँपालिकाबाट हाल सम्म सेवा करारमा नियूक्त भई काम गर्दै आएका कर्मचारीहरुलाई निजले करार संझौता वमोजिम खाइपाई आएको सेवा सुविधा पाउने गरी अर्को व्यवस्था नभएसम्म सोहि अनुसार हुनेगरी आ.व. २०७७/०७८ को लागि हाललाई पकहाँ मैनपुर गाउँपालिका

पकहाँमैनपुर गाउँपालिका
कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

प्रशासकीय कार्यविधि (नियमित तथा व्यवस्थित गर्ने) विधेयक २०७६ बमोजिक कार्य सम्पादन मुल्याङ्कन आधारमा बढीमा २०७८ आषाढ मसान्त सम्मको लागि म्याद थप गरी काममा लगाउने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.११

अत्यावश्यक तथा जरुरी कार्यहरु गर्न परेमा बजेट सिमामा थप व्यय भार नपर्ने गरी गाउँपालिकाको निर्णयबाट खर्च गर्न सक्ने गरी अधिकार प्रत्योजन गर्ने बहुमत बाट निर्णय गरियो ।

निर्णय नं.१२

गाउँ कार्यपालिका को बैठक बस्न नसकेको अवस्थामा विशेष परिस्थितिका कार्यहरु गाउँपालिका अध्यक्ष स्तरको निर्णयबाट खर्च वा कार्य गर्न सकिने गरी गाउँकार्यपालिकाको अधिकार गाउँ कार्यपालिकाको सिफारीश बमोजिम गाउँपालिका अध्यक्षलाई प्रत्यायोजन गर्ने बहुमतबाट पारीत गरीयो ।

निर्णय नं.१३

पकहाँ मैनपुर गाउँपालिकाको संगठन संरचना स्वीकृत गरियो र तपशिल अनुसारका थप दरबन्दी स्वीकृत गर्ने बहुमतबाट निर्णय गरियो ।

क) कार्यालय सहयोगी १२ जना

(गा.पा. कार्यालयमा ३ जना (१ जना महिला सहित) , वडा कार्यालयहरुमा ४ जना तथा स्वास्थ्य चौकीहरुमा ५ जना)

ख) सवारी चालक (हलुका २ जना, हेवी २ जना)

ग) स्विपर ३ जना

घ) कम्प्यूटर अपरेटर २ जना (सहायक स्तर/पाचौ तह)

ङ) अमिन १ जना

च) बर्थिड सेन्टरका लागि अ.न.मी २ जना

पकहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

छ) चौकीदार १ जना (गाउँ कार्यपालिकाको कार्यालयको रात्री पालो पहराका लागि)

निर्णय नं.१४

पकहाँ मैनपुर गाउँपालिकाको आ.व. २०७६/०७७ को लेखा परीक्षण प्रतिवेदन पेश भई छलफल भयो तथा वेरुजु फरछौंटका लागि आवश्यक कार्यवाही अगाडी बढाउन गाउकार्यपालिकालाई निर्देशन दिने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.१५

पुर्वाधार विकास कार्यक्रम तर्फ का योजनाहरु कार्यन्वयन गर्दा ३ प्रतिशत कन्टिजेन्सि कट्टा गरी योजना व्यवस्थापनमा खर्च गर्ने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.१६

गाउँपालिकाबाट कार्यान्वयन हुने पुर्वाधार विकासका आयोजनाहरु उपभोक्ता समितिबाट संचालन गर्दा सम्पूर्ण योजनाहरुमा १०% जनसहभागिता जुटाई कार्यान्वयन गर्ने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.१७

वडा कार्यालयहरुको दैनिक कार्य संचालनका लागि प्रति महिना रु.१०,०००/- का दरले उपलब्ध गराउने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.१८

गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा कार्यरत कार्यालय सहयोगीहरुको तलब भत्ता वृद्धि गरी प्रति महिना रु.१५,०००/- का दरले उपलब्ध गराउने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.१९

आ.व. २०७६/०७७ मा स्वीकृत भएका आयोजनाहरु सम्झौता भएका तथा कार्यादेश र सम्झौता गर्न बाकि रहेका सम्पूर्ण आयोजनाहरुलाई आ.व. २०७७/०७८ मा अल्या गरी भुक्तानी गर्ने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.२०

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

गाउँपालिका भित्र सामुदायिक विद्यालयहरुमा नियूक्त भएका निजि श्रोत तर्फका शिक्षकको , कार्यालय सहयोगी र वालविकास शिक्षकहरुको थप तलब भत्ता प्रति महिना रु. १,०००/- का दरले वृद्धि गरी भुक्तानीका लागि विद्यालयहरुलाई शसर्त चालु अनुदान उपलब्ध गराउने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.२१

विभिन्न आयोजनाका लागि विनियोजित Matching Fund को रकम खर्च हुन नसकेमा गाउँ कार्यपालिकाको निर्णयबाट पुजिगत तर्फको अन्य आयोजना तथा कार्यक्रममा खर्च गर्न सक्ने गरी गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.२२

यस गाउँपालिका भित्र रहेका अशक्तहरु, असहायहरुबाट औषधी उपचार खर्च माग भइ आएमा र दिन मनासिव देखिएमा कार्यविधी अनुसार गाउँपालिका प्रमुखले रु पाँच हजार सम्म सहयोग गर्न सक्ने बहुमतबाट पारित गरियो ।

निर्णय नं.२३

आ.व. २०७७/०७८ का लागि स्विकृत बजेटका अतिरिक्त संघीय सरकार तथा प्रदेश सरकारबाट थप बजेट प्राप्त भएमा सो बजेटबाट कार्यपालिकाले आयोजना तथा कार्यक्रम छनौट गरी कार्यन्वयन गर्नका लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.२४

आर्थिक वर्ष २०७७/०७८ का लागि पकहाँ मैनपुर गाउँपालिकाले लगाउने कर, दस्तुर का दर र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको सम्बन्धमा निर्णय लिनका लागि गाउँपालिकाका उपाध्यक्ष श्री कुश्मी देवीलाई पटक पटक पत्राचार तथा अनुरोध गर्दा पनि निज उपाध्यक्ष बैठकमा अनुपस्थित भई बैठक बस्न नसकेको हुँदा गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा बैठक बसी सो बैठकबाट कर, दस्तुर का दर तथा वार्षिक बजेट तथा कार्यक्रम सिफारिश भएकोमा गाउँपालिका अध्यक्षको अध्यक्षतामा बसेको राजस्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकलाई अनुमोदन गर्ने बहुमतबाट निर्णय गरीयो ।

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

निर्णय नं.२५

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १३(१) बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यून्तम दररेट तोकनु पर्नेछ भनी व्यवस्था रहे बमोजिम यस पकहाँ मैनपुर गाउँकार्यपालिकाले स्वीकृत गरेको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यून्तम दररेट अनुमोदन गर्ने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं.२६

पकहाँ मैनपुरमा वर्थिङ्ग सेन्टर नियमित रुपमा संचालन गर्नका लागि दरबन्दी बाहेक थप दुई जना अ. न. मी. (सहायक स्तर चौथो तह) दैनिक ज्यालादारी तथा करारमा नियुक्त गर्न प्रकृया अगाडि बढाउने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं२७

महिला स्वयंसेविकाहरुलाई उपलब्ध गराउदै आइएको मासिक भतामा रु १०००(एक हजार मात्र) थप गरी मासिक रु २५०० (दुइ हजार पाचँ सय मात्र) का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं २८

गाउँपालिकालाई पूर्ण खोप घोषणा गर्ने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं २९

कोरोना भाइरस रोकथाम, नियंत्रण तथा उपचारमा व्यवस्थापकीय कार्यका लागि खटिएका दुई जना ड्राइभर (एंबुलेन्स, गा.पा. प्रमुखको गाडि) र दुई जना दैनिक ज्यालादारीमा खटिएका व्यक्तिलाई निजहरुले खाइपाइ आएको तलबको ५० प्रतिशत रकम जोखिम भत्ता बापत उपलब्ध गराउने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं ३०

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

आर्थिक वर्ष २०७६/०७७ देखि दैनिक ज्यालादारीमा काम गर्दै आएका सम्पूर्ण कर्मचारीहरुलाइ निरन्तरता दिई पारीश्रमिक भुक्तानी गर्ने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं ३१

सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थाहरुमा नै सुत्केरी सेवा लिन प्रोत्साहनका लागि सुत्केरी महिलालाई गाउँपालिकाबाट थप रु १००० (एक हजार मात्र) रकम उपलब्ध गराउने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं ३२

सामाजिक परीचालक तथा परीचालिकाहरुको तलबमा प्रति महिना रु ३०००(तीन हजार मात्र) का दरले बृद्धि गर्ने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं ३३

स्वास्थ्य तर्फका कर्मचारीहरु कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचारमा खटिएका स्वास्थ्य तर्फका कर्मचारीहरुलाई उपलब्ध गराउदै आएको जोखिम भत्तालाई निरन्तरता दिने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं ३४

श्रीमान बेपता भएर वा सम्बन्ध विच्छेद भएर वा श्रीमानले अर्को श्रीमती ल्याएर अलग्याइएको वा ३५ वर्ष उमेर नाघेर विवाह नगरी एकल जीवन विताइरहेको गाउँपालिकाका महिलाहरुलाई आर्थिक वर्ष २०७७/०७८ बाट मासिक रु १००० (एक हजार मात्र) थप सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं ३५

आमा र बाबु दुबै बेपता वा मृत्यु भएका विपन्न वर्गका बालबालिकालाई कक्षा १२ सम्म अध्ययनका लागि मासिक रुपमा रु २००० (दुई हजार मात्र) छात्रवृती उपलब्ध गराउने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं ३६

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

९० वर्ष उमेर पुगेका ज्येष्ठ नागरीकहरुलाई सम्मान वापत वार्षिक रु ५००० (पाँच हजार मात्र) निरवाह भत्ता उपलब्ध गराउने बहुमतबाट निर्णय गरीयो ।

